## वार्षिक व्ययको विवरण :

## व्यय अनुमान तर्फ :

- ✓ यस गाउँपालिकालाई प्राप्त समानीकरण अनुदान मध्ये रु. १३ करोड १५ लाख ५३ हजार पूँजीगत तर्फ र रु. २ करोड ९६ लाख १० हजार चालू तर्फ खर्च हुने अनुमान गरिएको छ।
- ✓ त्यसैगरी, सशर्त अनुदान बापत् प्राप्त रु. ६ करोड ७ लाख ६५ हजार निर्धारित शीर्षक तथा उपशीर्षकहरुमा खर्च हुनेछ।
- ✓ गतवर्षको अ.ल्या. वापत्को रकम मध्ये रु. ५१ लाख ४६ हजार २११ पूँजीगत तर्फ खर्च हुनेछ।
- ✓ आन्तरिक स्रोत तर्फको रु. १० लाख पूँजीगत शीर्षक अन्तर्गत खर्च हुने अनुमान गरिएको छ।
- ✓ जम्मा पूँजीगत खर्च १३ करोड ७६ लाख ९९ हजार २११ अन्तर्गत आर्थिक विकास तर्फ रु. १ करोड ७९ लाख ८९७, सामाजिक विकास तर्फ रु. २ करोड ७५ लाख ३९ हजार ८४२, पूर्वाधार विकास तर्फ रु. ६ करोड ८८ लाख ४९ हजार ६०६, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. ६८ लाख ८४ हजार ९६१, संस्थागत विकास तथा सेवा प्रवाह तर्फ रु. ४२ लाख ३० हजार ९७६, वित्तीय व्यवस्थापन र सुशासन तर्फ रु. २७ लाख ५३ हजार ९८४ र लक्षित कार्यक्रम तर्फ रु. ९६ लाख ३८ हजार ९४५ खर्च हुने अनुमान गरिएको छ।
- ✓ स्थानीय शासन सामुदायिक विकास कार्यक्रम मार्फत रु. १० लाख ६ हजार र बहुक्षेत्रीय पोषण कार्यक्रममार्फत प्राप्त रु. ११ लाख ७५ हजार सशर्त अनुदान निर्धारित शीर्षक तथा उपशीर्षकहरुमा खर्च हुनेछ।

### व्यय

| | |
|---|---|
| • सशर्त | ६०७६५००० |
| • चालु खर्च | २९६१०००० |
| • विषयगत कार्यालय लगायत पूँजीगत | ४६१४६५०० |
| • वडा पूँजीगत | ६०००००० |
| • बहुक्षेत्रीय पोषण कार्यक्रम | ११७५००० |
| • स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | १०६०००० |
| • बाँकी | ३१५५२७११ |
| **जम्मा** | **२३०३०९२११** |

अन्त्यमा, गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट जनसाधारणले अपेक्षा गरेको समयभन्दा केही ढिलो गरी प्रस्तुत भएको तथ्यलाई हामीले गम्भीर रुपले हृदयङ्गम गरेका छौं र स्थानीय तह आफैंमा नवीन तथा ऐतिहासिक संरचना भएको तथ्यलाई दृष्टिगत गरी आवश्यक कानुनी तथा नीतिगत ज्ञानको अभाव एवं अन्योलता जस्ता कारणले गर्दा यो कार्य ढिलो हुन गएको हो भन्ने कुरा बुझिदिनुहुनेछ र जनतालाई पनि यही ढंगले बुझाउनु हुनेछ भन्ने अपेक्षा लिएको छु ।जाँदाजाँदै, नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्ने कार्यमा सबै पक्षको साथ, सहयोग र सहभागिताको अपेक्षा राख्दै रुपनी गाउँपालिकाको वार्षिक बजेटको लागि

आवश्यक रकम उपलब्ध गराउने नेपाल सरकार, अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने दातृ राष्ट्र तथा निकायहरु, वार्षिक नीति तथा कार्यक्रम बनाउन सहयोग गर्ने गाउँ कार्यपालिकाको सम्पूर्ण परिवार, गाउँ सभा परिवार, विषयगत शाखा तथा समितिहरु, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, बुद्धिजीबीहरु, शिक्षकहरु, उद्योग वाणिज्य संघ लगायत सम्पूर्ण शुभचिन्तकहरु एवं जनताप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

## १. बाँडफाँड गरिने रकम

| | |
|---|---|
| • आन्तरिक राजस्व | १०००००० |
| • वित्तीय समानीकरण | १६११६३००० |
| • अल्या | ५१४६२११ |
| **जम्मा** | **१६७३०९२११** |

## २. बाँडफाँड विवरण

| | |
|---|---|
| चालु खर्च | २९६१०००० |
| पूँजीगत | १३७६९९२११ |
| **जम्मा** | **१६७३०९२११** |

## ३. पूँजीगत बाँडफाँड

| | |
|---|---|
| विषयगत कार्यालय लगायत पूँजीगत | ४६१४६५०० |
| वडा पूँजीगत | ६०००००० |
| बाँकी रकम | ३१५५२७११ |
| **जम्मा** | **१३७६९९२११** |